नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(मान्यता समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्याः-०७९/८०
चलानी नं.:- ४८६

मितिः २०८०।०१।२०

श्री ओएसिस पब्लिकेसन प्रा.लि.
अनामनगर, काठमाडौं ।

विषय : स्वीकृत रद्द गरी कारवाही गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा त्यस पब्लिकेसनद्धारा यस केन्द्रमा कक्षा ६ को अंग्रेजी (Wonder English र English Skills) विषयका दुवै पाठ्यसामग्री नयाँ लागु भएका पाठ्यक्रमअनुसार १८ पाठ भएको पेश गरी शैक्षिक सत्र २०७८, २०७९ र २०८० का लागि मिति २०७८।०३।०४ मा यस केन्द्रबाट स्वीकृति पत्र लिई सो स्वीकृति पत्र समेत समावेश गरी प्रथम संस्करण २०७८ र दोस्रो संस्करण २०८० राखेर पुरानो पाठ्यक्रमअनुसार Wonder English ४० पाठ भएको र English Skills १० पाठ भएको सोही कक्षाको सोही विषयको पाठ्यसामग्री छपाइ गरी विद्यालयमा विक्रिवितरण गरेको देखिन्छ। यसैगरी कक्षा ४ को अंग्रेजी (Wonder English र English Skills) विषयका दुवै पाठ्यसामग्री नयाँ लागु भएका पाठ्यक्रमअनुसार १६ पाठ भएको पेश गरी शैक्षिक सत्र २०७९, २०८० र २०८१ का लागि मिति २०७८।१२।१४ मा यस केन्द्रबाट स्वीकृति पत्र लिई सो स्वीकृति पत्र समेत समावेश गरी प्रथम संस्करण २०७९ र दोस्रो संस्करण २०८० राखेर पुरानो पाठ्यक्रमअनुसार Wonder English ३२ पाठ भएको र English Skills १० पाठ भएको सोही कक्षाको सोही विषयको पाठ्यसामग्री छपाइ गरी विद्यालयमा विक्रिवितरण गरेको देखिन्छ। यस्तै कक्षा ७ को अंग्रेजी (Wonder English र English Skills) विषयका दुवै पाठ्यसामग्री नयाँ लागु भएका पाठ्यक्रमअनुसार १९ पाठ भएको पेश गरी शैक्षिक सत्र २०७९, २०८० र २०८१ का लागि मिति २०७८।१२।१४ मा यस केन्द्रबाट स्वीकृति पत्र लिई सो स्वीकृति पत्र समेत समावेश गरी प्रथम संस्करण २०७९ र दोस्रो संस्करण २०८० राखेर पुरानो पाठ्यक्रमअनुसार Wonder English ३७ पाठ भएको र English Skills १० पाठ भएको सोही कक्षाको सोही विषयको पाठ्यसामग्री छपाइ गरी विद्यालयमा विक्रिवितरण गरेको देखिन्छ। साथै कक्षा ५ को अंग्रेजी (Wonder English) विषयको पाठ्यसामग्री स्वीकृति पत्र प्राप्त नै नगरी पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति प्राप्त गरेको भनी प्रथम संस्करण २०७१ र दोस्रो संस्करण २०८० राखेर पुरानो पाठ्यक्रम अनुसारको ३२ पाठ भएको सोही कक्षाको सोही विषयको पाठ्यसामग्री छपाइ गरी विद्यालयमा विक्रिवितरण गरेको देखिन्छ। सो सम्बन्धमा स्पष्टिकरण पेश गर्नुहुन भनी यस केन्द्रबाट पत्राचार गरिएकोमा त्यस पब्लिकेसनले मिति २०८०।०१।१३ मा पेश गरेको स्पष्टिकरण चित्तबुझ्दो नभएकोले पुनः स्पष्टिकरण माग गरिएकोमा त्यस पब्लिकेसनले मिति २०८०।०१।१७ मा पुनः पेश गरेको स्पष्टिकरणमा आधिकारिक पुस्तकहरुमात्र विक्रिवितरण गर्न तथा खरिद गर्न राजधानी दैनिक पत्रिकामा सूचना प्रकाशन गरेको भनि उत्पादन गर्दा त्रुटि भएका त्यस्ता पुस्तकहरु फिर्ता लिने कार्य भईरहेको भनिएतापनि वजारमा विक्रिवितरणमा रहेको अंग्रेजी

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर
(मान्यता समकक्षता तथा मूल्याङ्कन शाखा)

फोन नं. ६६३०५८८
६६३४११९
६६३००८८
फ्याक्स : ६६३०७९७
नोटिस बोर्ड: १६१८०१६६३०७९७
सानोठिमी, भक्तपुर
www.moecdc.gov.np

पत्र संख्या:- ०७९/८०
चलानी नं.:- ४८६

मिति: २०८०।०१।२०

विषयको कक्षा ४ को Wonder English र English Skills, कक्षा ६ को Wonder English र English Skills, कक्षा ७ को Wonder English र English Skills पाठ्यसामग्री हेर्दा विगत ३ वर्षदेखी पुरानो पाठ्यसामग्रीमा नयाँ पाठ्यक्रमअनुसारका स्वीकृति पत्र राखी संस्करण वर्षसमेत Reprint २०८० भनी छाप हानी बजारमा पुरयाएको देखिन्छ। यसैगरी कक्षा ५ को Wonder English को पाठ्यसामग्री स्वीकृति पत्र प्राप्त नै नगरी पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति प्राप्त गरेको भनी दोस्रो संस्करण २०८० राखी विक्रिवितरण गरेको देखिन्छ। यसर्थ त्यस पब्लिकेसनले भने जस्तो उत्पादनमा त्रुटि भएको नभई उक्त कार्य नियतबस गरिएको देखिन आएको हुँदा स्वीकृति प्राप्त गरेअनुसारका पाठ्यसामग्री भन्दा भिन्न पाठ्यसामग्रीमा यस केन्द्रबाट प्रदान गरेको स्वीकृतिको पत्र राखी स्वीकृति पत्रको दुरुपयोग गरी शिक्षक, विद्यार्थी तथा अभिभावकहरुलाई गुमराहमा पारी विद्यार्थीको भविष्यमा गम्भिर खेलवाड गरेको देखिन आएकोले पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९ को दफा ३० उपदफा (२) बमोजिम अंग्रेजी विषयको कक्षा ४ को Wonder English र English Skills, कक्षा ५ को Wonder English , कक्षा ६ को Wonder English र English Skills, कक्षा ७ को Wonder English र English Skills, विषयका पाठ्यसामग्री प्रकाशन तथा विक्रिवितरण गर्न यस केन्द्रबाट दिइएको स्वीकृति रद्द गरी दुई वर्षसम्म स्वीकृति नदिने र उक्त पाठ्यसामग्री विक्रिवितरण नगर्न नगराउन हुन तथा विक्रिवितरण गरिएका त्यस्ता पाठ्यसामग्रीहरू तत्काल फिर्ता गराउन सम्बन्धित प्रकाशकलाई निर्देशन दिने भनी यस केन्द्रको मिति २०८०।०१।२० को निर्णयअनुसार जानकारी गराइन्छ। साथै यसरी वन्देज गरिएको पाठ्यसामग्री विक्रिवितरण गरेको पाइएमा प्रकाशकलाई कानुनवमोजिम थप कारवाही हुने व्यहोरासमेत जानकारी गराइन्छ।

तारा पाण्डे तिवारी
शाखा अधिकृत
२०८०।०१।२०

**बोधार्थ**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।
शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।
सूचना अधिकारी - पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर : जानकारीका लागि ।